# प्रसौनी गाउँपालिका

प्रसौनी गाउँकार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

प.सं.– ०८१/०८२
च.नं. १६८८

मिति : २०८१/१०/३०

श्री वडा कार्यालय सबै
प्रसौनी गाउँपालिका, बारा ।

**विषय : न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, बमोजिमको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन, २०७७ सहित) को दफा १८ बमोजिम आ.व. २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको बेरोजगार व्यक्तिहरुले मिति २०८१ फाल्गुन १ गते देखि फाल्गुन मसान्तसम्म आफूले स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनको लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदन फारमको ढाँचा सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. निवेदकको १(एक) प्रति नागरिकता प्रमाणपत्रको फोटोकोपि ।
२. पासपोर्ट साईजको फोटो १ (एक) प्रति ।
३. निवेदन सहित परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्ममिति, नागरिकता नम्बर, जारि मिति, शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था ।
४. स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकापी ( नागरिकता प्रमाणपत्र अन्यत्र ठाउँबाट जारी भएको भए बसाइंसराईको प्रमाणपत्र र ना.प्र.न. मा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको भए विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ) ।

.......................................
मुकेश प्रसाद गुप्ता
रोजगार संयोजक

CamScanner